गण्डकी प्रदेश सरकार

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

# कृषि विकास कार्यालय, गोरखा

सूचना नं. : ३

## उत्कृष्ट कृषक पुरस्कारको लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना

**(प्रकाशित मितिः २०८३/०६/०९)**

यस कार्यालयको चालु आ.ब. २०८३/०८४ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार उत्कृष्ट कृषकलाई पुरस्कृत गर्ने कार्यक्रम संचालनार्थ उत्कृष्ट कृषि पुरस्कार सम्बन्धी मापदण्ड, २०७९ बमोजिम योग्यता पुगेका यस जिल्लाभित्रका कृषक, कृषि फर्म, कृषि कम्पनी, कृषि समूह तथा सहकारी संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले **२०८३ साल पौष मसान्तभित्र** तपशिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी यस कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**आवेदकको न्यूनतम पेशागत योग्यता (दिहायको मध्ये कुनै एक खेती/व्यवसाय भए पनि हुने) :**

| क्र.स. | बाली/बस्तुको नाम | न्यूनतम क्षेत्रफल | क्र.स. | बाली/बस्तुको नाम | न्यूनतम क्षेत्रफल |
|---|---|---|---|---|---|
| १ | अन्नबाली र आलु | १० रोपनी | ११ | मौरीपालन | ५० घार |
| २ | दलहन र तेलहनबाली | ५ रोपनी | १२ | माछापालन | पहाडमा ५ रोपनी, रेन्वो ट्राउट-५०० बर्ग मिटर रेसवे |
| ३ | तरकारी | ५ रोपनी र प्लाष्टिक घर भित्र १००० बर्ग फिट | १३ | भेडा/बाख्रा (च्याङ्ग्रा समेत) | भेडा / च्याङ्ग्रा- १००, बाख्रा ५० |
| ४ | पुष्प | २ रोपनी | १४ | बंगुर/सुँगुर | माउ १० वा फ्याटनर ५० |
| ५ | च्याउ | ५०० बर्ग मिटर, सिताके च्याउ-५०० मुढा | १५ | गाई, भैंसी (याक चौरी समेत) | १० वटा दुधालु |
| ६ | अलैची | १० रोपनी | १६ | कुखुरा | स्थानीय -१०००, अन्य - ५००० |
| ७ | मसलाबाली | ५ रोपनी | १७ | हाँस | ५०० |
| ८ | फलफूल | १० रोपनी | १८ | घाँस खेती | ५ रोपनी |
| ९ | फलफूल नर्सरी | संरक्षित संरचना १ रोपनी, खुला २ रोपनी | १९ | खाद्यान्न बीज वृद्धि | ५ रोपनी |
| १० | कफी/चिया | १० रोपनी | २० | तरकारी बीज वृद्धि | ३ रोपनी |

**आवश्यक कागजातहरु :**

१. अनुसुची-२ बमोजिमको निवेदन,

२. अनुसूची ३ (क) र अनुसूची ३ (ख) बमोजिमको विवरण,

३. कृषि फर्म, कम्पनी, समूह, समिति वा सहकारीको हकमा दर्ता/ स्थापना सम्बन्धी कागजातको प्रतिलिपि, नविकरण प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि,

४. व्यक्तिगत कृषकको हकमा निजको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपि ।

**थप जानकारीका लागि :**

कृषि विकास कार्यालय, गोरखा फोन नं. ०६४-४२०११३

कार्यालय प्रमुखको फोन नं. ९८५६०३०६४९

सूचना अधिकारीको फोन नं. ९८५६०७०६४९

कुल प्रसाद तिवारी

वरिष्ठ कृषि विकास अधिकृत